भूकम्प प्रतिरोधी ढुंगे भवन बनाउँदा ध्यान दिनुपर्ने कुराहरू

हाम्रो पहाड गाउँतिर प्रचलित ढुंगे गारोको भवनलाई सजिलै र कम खर्चमा भूकम्प प्रतिरोधी बनाउन सकिन्छ ।



गारोहरु सोझो र सुर मिलाई लगाउनुहोस् । गारोमा ढुंगा जोड्दा जोर्नी छल्नु पर्छ । भवनभरिको गारोहरुलाई हरेक २ फीटको उचाई पछि समान तहमा ल्याऔं । गारोमा माटो र ढुंगाका स-साना टुक्रा सक्दो कम राखौं ।

गारोको जोर्नीहरु बलियो बनाउन जोर्नीहरुमा ठूलो ढुङ्गा राखौं अथवा हरेक २ फीटको उचाईपछि चित्रमा देखाए जस्तै ढलान गरौं । गारोको जोर्नीहरुमा ठाडो डण्डी राखौं । यो डण्डी जगदेखि नै शुरु गरी छानाको नसमा जाम गरौं । भूकाल ढोकाहरुलाई घरको कुनाबाट तथा एक अर्काबाट पनि कम्तीमा २ फीट टाढा राखौं । भूकाल ढोका सकेसम्म कम र साना राख्नु वेश हुन्छ ।

हरेक २ फीटको उचाईमा गारो समान तहमा ल्याएपछि ३-३ फीटको दूरीमा कैंची मार्ने ढुङ्गा (Through Stone), वा फलामे डण्डीका टुक्रा राख्नुपर्छ ।



भूकाल तथा ढोकामाथि भवनभरिका सबै पर्खालहरु ढाक्ने गरी काठ वा ढलानको कप्पु (Lintel) कस्नुपर्छ । सिमेन्टी ढलानको कप्पु कस्दा चित्रमा देखाए जस्तै फलामको छड (डण्डी) राखी ढलान गर्नुपर्छ । डण्डी बंग्याउँदा वा बाँध्दा भित्ताका जोर्नीहरुमा विशेष ध्यान दिऊं ।



भवनको छाना तथा माथिल्लो तल्लाको भुई राख्दा पहिले नसलाई राम्ररी कस्नुपर्छ । त्यसपछि छानाको माथिल्लो भाटा, मुसी, च्यासल आदिलाई एक आपसमा तथा नसमा राम्ररी बाँध्नुपर्छ । छत ढलान गर्ने भए नस कस्नु पर्दैन ।

© NSET

भूकम्प प्रतिरोधी निर्माण प्रविधि : दुई भवन - ● पीस २०१४

प्रकाशक
नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं
फोन नं. ४२६२९४५, फ्याक्स: ४२६२४३९, इ-मेल: dudbc@ntc.net.np

NSET

तयार गर्ने:
भूकम्प प्रविधि राष्ट्रिय समाज
National Society for Earthquake Technology-Nepal (NSET)
१११३३ देवकोटा सडक, महादेवस्थान, बानेश्वर, पो.ब.नं.: १३७३५, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४४८६४४४, ४४९०३५९, फ्याक्स नं.: ९७७-१-४४९०९४३
इ-मेल: nset@nset.org.np